संघीय संसद

प्रतिनिधि सभा

**सार्वजनिक लेखा समिति**

**बैठक संख्या-२०**

मितिः-२०८०/१०/२८

बैठक संख्या -२०

**छलफल तथा निर्णयः**

समितिको आजको बैठकमा गौतम बुद्धको अस्तिधातु समाधिस्थ गरिएको रामग्राम स्तुप क्षेत्रमा उत्खनन् तथा बौद्ध स्तुप निर्माण लगायतका विषयमा लुम्बिनी बिकास कोष र द प्रमिष्ड ल्याण्ड प्रा.लि.बीच भएको समझदारी (MOU) सम्बन्धमा लुम्बिनी विकास कोषका अध्यक्ष एवं माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू लगायतका सम्बन्धित सरोकारवाला निकायका पदाधिकारीसँग छलफल भई देहायबमोजिम निर्देश गर्ने निर्णय भयोः

१. नेपालको ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं साँस्कृतिक महत्वको स्थल भगवान बुद्धको अस्तिधातु रहेको रामग्राम स्तुप क्षेत्रको विकास तथा संरक्षण र सम्बर्द्धन गर्ने प्राथमिक जिम्मेवारी राज्यको रहेकोमा बिना कुनै सार्वजनिक सूचना, एवं बिना प्रतिस्पर्धा यस्ता क्षेत्रको उत्खनन्, अन्वेषण, संरक्षण र सम्बर्द्धनको प्रमुख जिम्मेवार रहेको नेपाल सरकार सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको पुरातत्व विभाग र अर्थ मन्त्रालयको समेत स्वीकृति बिना एकल निर्णय गरी एउटा निजी कम्पनीसँग (९९ वर्षसम्मको) समझदारी गर्ने कार्य सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन लगायतका मौजुदा कुनै पनि कानूनी आधारमा टेकेर गरेको देखिदैंन। तसर्थ, उक्त कार्यप्रक्रिया कानूनसम्मत् नभएको र राज्यलाई दीर्घकालीन रुपमा हानी नोक्सानी हुने देखिएकोले उक्त कार्य तत्काल खारेज गर्नर सोको जानकारी समितिलाई दिन समितिको यो बैठक नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्रालय र लुम्बिनी विकास कोषलाई निर्देश गर्दछ । त्यसैगरी रामग्राम क्षेत्रको विकासको लागि आवश्यक पर्ने जमिन अधिग्रहण गर्न आवश्यक बजेट विनियोजन गर्न र सरकारी तवरमा उक्त क्षेत्रको विकास गर्नसमेत समितिको यो बैठक नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देश गर्दछ ।

२. आउने एक शताब्दी (९९ वर्ष) सम्म पनि नेपालको आर्थिक एवं सामाजिक अवस्था हालकै अवस्थामा रहने र नेपाल सरकार आफैले संरक्षण गर्न नसक्ने भाष्य सृजना गर्दै राज्यको क्षमतामाथि नै गलत आँकलन गरी, कुनै संस्था वा कुनै व्यक्तिको सुनियोजित व्यापारको अवधारणालाई कार्यान्वयन गर्न उद्दत रहेको देखिन्छ । त्यसैगरी विश्व सम्पादा सूचीमा सुचीकृत हुनसक्ने यस क्षेत्रको महत्व व्यापारिक भन्दा पनि धार्मिक आस्था, साँस्कृतिक

सम्पदा र गौरवपूर्ण नेपालको चिनारीको रुपमा र तिर्थस्थलको रुपमा हुनुपर्दछ । यसरी गैरकानूनी रुपमा कुनै संस्थालाई सुम्पनु भनेको जनआस्था माथीको प्रहार हो । राज्य धर्म निरपेक्ष हुनु भनेको आम नागरिकको आस्थामाथी अतिक्रमण गर्न पाउनु होइन । स्थानीय बासिन्दाको ११६ विघा जग्गा अधिग्रहण गर्ने भनिएको (लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा ४ ले कोषले व्यक्ति सरह सम्पत्तीको कारोवार गर्न सक्ने देखिएता पनि कोषका उपाध्यक्षले सम्झौता वा समझदारी गर्न सक्ने कानूनी व्यवस्था देखिंदैन), त्यसैगरी अर्थ मन्त्रालयले यस सम्बन्धमा मोडालिटी के हुने, सम्बन्धित संस्थाको विश्वसनियता, सामर्थ्य तथा पुँजीगत क्षमता लगायतका विषयमा प्रश्न उठाएको, प्राचिन स्मारक ऐन, २०१३ ले पुरातात्विक स्मारक र पुरातात्विक महत्वका वस्तुहरुको संरक्षण र उत्खनन् गर्न सक्ने अधिकार पुरातत्व विभागलाई मात्र दिएको अवस्थामा उक्त कानूनको प्रतिकूल हुने गरी कुनै एक निजी संस्थाले गर्ने आवधारणामा समझदारी हुनु भित्र सुनियोजित दुराशय छैन भन्न सक्ने अवस्था देखिंदैन, साथै कुनै एक संस्थाको व्यापारिक अवधारणा कार्यान्वयनका लागि राज्यले नागरिकको विघाका विघा जग्गा अधिग्रहण गरी ९९ वर्षको लागि सुम्पनु पर्ने, अझ जग्गा कोषको स्वामित्वमा नआउँदै वा सो सम्बन्धमा कुनै कार्य प्रारम्भ नै नभएको सन्दर्भमा र नेपाल सरकारको स्वीकृती समेत नलिई समझदारी गर्न हतारिनुले गम्भिर आशंका उत्पन्न गरेकोले यस्तो कार्य गर्न उद्वत रहनुको पछाडिको कारण अध्ययन तथा अनुसन्धान गरी निष्कर्षमा पुग्न समितिको यो बैठक अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्दछ ।

३. पुरातत्व, प्राचीन स्मारक र संग्रहालयसँग सम्बन्धित विषय नेपालको संविधानको अनुसूची—५ संघको अधिकारको सूचीको ३४ नं बुँदामा र अनुसूची-९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको १२ नं बुँदामा उल्लिखित रहेको छ । संविधान बमोजिम यस विषयमा तीनै तहका सरकारको समन्वयमा निर्णय हुनुपर्ने देखिन्छ भने संयुक्त राष्ट्र संघीय शैक्षिक, सामाजिक र साँस्कृतिक संगठन (युनेस्को)ले समेत विश्व सम्पदा सूचीमा पर्नसक्ने भनी पहिचान गरी संरक्षण गर्नुपर्छ भन्ने सुझाव दिएकोले यस सम्पदा स्थलमा कुनै पनि किसिमको भौतिक संरचना निर्माण गर्नुपर्दा युनेस्कोबाट निर्धारित मापदण्ड र पुरातत्व विभागसँग समेत अनिवार्य समन्वय गर्नुपर्ने विषय मात्रै नभएर सरकारका तीनै तहबीच समेत आपसी समन्वय, सहकार्य भई निष्कर्षमा पुग्नुपर्ने देखिएकोतर्फ समितिको यो बैठक नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गम्भिर ध्यानाकर्षण गर्दछ ।

४. लुम्बिनी खास गरी पवित्र उद्यान क्षेत्रमा पछिल्लो समयमा निर्माण गरिएका विभिन्न संरचनाहरु (जस्तै मायादेवी मन्दिर जीर्णोद्वार, मार्कर स्टोन तथा स्तम्भ, सभाहल निर्माण लगायत) निर्माण गर्दा सम्पदा प्रभाव मूल्याङ्कन (Heritage Impact Assessment) बिना नै कार्यसम्पादन गरेको, संयुक्त राष्ट्र संघीय शैक्षिक, सामाजिक र साँस्कृतिक संगठन (युनेस्को) र पुरातत्व विभागसँग समन्वय हुन नसकेको कारणबाट "अद्धितीय विश्वव्यापी महत्वलाई

जोगाउनका लागि गरेको प्रयास उपयुक्त नभएमा सम्भावित खतराको सूचीमा किन नराख्ने" भनी पटकपटक पत्राचार गरी स्पष्टीकरण माग गरेको भन्ने सुनिन आएको छ । संरक्षणको नाममा विश्व सम्पदा सूचीबाट हटाउने गरी वा जोखिममा पर्ने गरी भैरहेका निर्माण कार्य गर्नु पछाडिको कारण यस समितिलाई ७ (सात) दिनभित्र उपलब्ध गराउन र यस्ता कार्यहरु गर्दा युनेस्को र पुरातत्व विभागसँगको समन्वयमा मात्र गर्न, गराउन साथै लुम्बिनी विकाससँग सम्बन्धित गुरुयोजनाको विपरीत हुने गरी कुनैपनि किसिमको कार्य नगर्न, नगराउन र गुरुयोजनाको कार्यान्वयन गर्दासमेत युनेस्को र पुरातत्व विभागसँग आवश्यक समन्वय गर्न समितिको यो बैठक नेपाल सरकार, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र लुम्बिनी विकास कोषलाई निर्देश गर्दछ ।

५. विश्वसम्पदा सूचीमा समावेश हुन सक्ने यस क्षेत्रमा रहेका स्मारक, विहार, स्तुपहरु लगायतका सम्पदाहरुलाई मौलिकरुपमा नै संरक्षण गर्न गराउन, तथा पुरातात्विक महत्व, साँस्कृतिक पहिचान, धार्मिक आस्था, ऐतिहासिक पहिचान जोडिने यस्ता सम्पदाहरुको विकास स्वयं राज्यको कर्तव्य हो । यस्ता विषयमा कुनै निजी संस्थालाई जिम्मा दिनुले राज्यको जिम्मेवारी पुरा गरेको ठहरिंदैन । यस्ता सम्पदा क्षेत्र अन्य व्यापारलाई बढोत्तरी दिन सक्ने विषय भएतापनि सम्पदा आफैमा व्यापार हुन सक्ने विषय होइनन् । यस्ता विषयमा संवेदनशील हुन पनि समितिको यो बैठक नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रलायलाई निर्देश गर्दछ ।

६. एनसेलको सेयर खरिदबिक्री कारोबार सम्बन्धमा छानबीन गर्न गठित उच्चस्तरीय छानबीन समितिबाट बुझाइएको प्रतिवेदनको प्रतिलिपी र हालसम्मको कार्यप्रगति विवरण यस समितिलाई यथाशीघ्र उपलब्ध गराउन र सार्वजनिक गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समितिको यो बैठक निर्देश गर्दछ ।

७. समितिको अर्को बैठक २०८० माघ २९ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।